२०७५।०८।२१

२६ औं ११:११ बैठक

आज मिति २०७५।०८।२१ गते शुक्रबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री सुरेश आचार्य | सदस्य सचिव | |

१. यस आ.व. का आयोजना तथा कार्यक्रम समयमा नै सम्पन्न गरी विकास योजनाको पारदर्शिता तथा खर्चको उत्पादनशिलता प्रर्वद्धन गर्न गाउँ कार्यपालिका र यसका सम्पुर्ण सदस्यको सामुहिक दायित्व भएकोले आगामी पौष मसान्त सम्ममा उपभोक्ता समिति बनाई कार्यान्वयन सम्झौता हुन नसकेका आयोजना लाई माघ पहिलो हप्ता बस्ने गाउँ सभाले अन्य उपयुक्त क्षेत्र र स्थानका आयोजनामा स्तानान्तरण एवं संशोधन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।

२. अपाङ्गता भएका नागरिकको हक अधिकार तथा पहिचान लाई कानुनी रुपमा प्रत्याभुति गर्न आवश्यक पर्ने अपाङ्गता परिचय पत्र यस गा.पा द्धारा वितरण गर्न अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ स्वीकृत गर्ने ।

३. बालबालिकाको संरक्षण विकास सम्मान एवं सुरक्षा प्रर्वद्धन गर्न बाल संरक्षण नीति २०७५ स्वीकृत गर्ने ।

४. यस गा.पा का प्रमुख बजार क्षेत्रमा सोलार सडक बत्ती जडान गरी नागरिक सुरक्षा एवं शान्ती प्रर्वद्धन गर्न वैकल्पीक उर्जा प्रर्वद्धन केन्द्र सँग नियमानुसार सोलार सडक बत्ती उपलब्ध गराई दिन अनुरोध गर्ने । निश्चित प्रतिशत अनुदानमा उपलब्ध गराउने यस प्रकारका सडक बत्ती गा.पा. ले सम्बन्धित संस्थासग साझेदारीमा अगाडि बढाउने ।

५. यस गा.पा को आर्थिक सामाजिक एवं विकासात्मक क्रियाकलापमा नागरिक चासो र सरोकार रहने भएकाले यही पौष मसान्त भित्र वडा नं. २ स्थित पुतलीकाठमा सार्वजनिक सुनुवाई एवं जनतासँग वैतेश्वर कार्यक्रम गर्ने ।

६. यस गा.पा. को आर्थिक सामाजिक जीवनमा सुधार ल्याउन विपन्न, कमजोर, तथा पछाडी परेका वर्ग एवं समुदायलाई लक्षित गरी उनीहरुलाई व्यावसायिक स्वरोजगार तथा आत्मनिर्भर तुल्याउन तपशिल बमोजिमका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

क. प्रत्येक घर परिवारमा २ वटा एभोकाडो, २ वटा सुन्तला र ३ वटा किबी को बिरुवा उपलब्ध गराई प्रत्येक कृषक परिवारलाई व्यावसायिक फलफुल तर्फ अग्रसर हुन प्रेरित गर्ने। वैतेश्वरलाई फलफुल तथा तरकारी बालीमा व्यवासायिक एवं आत्मनिर्भर तुल्याउने ।

ख. आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा पछी परेका /पारिएका दलित कृषकलाई व्यावसायिक तुल्याई उनीहरुको जीवनस्तरमा सुधार ल्याउन हरेक घर एक टनेल उपलब्ध गराई मौसमी तरकारी उत्पादन एवं विकासमा प्रोत्साहित गर्ने ।

ग. यस गा.पा द्धारा सञ्चालित कृतिम गर्भाधान सेवा मार्फत बच्चा जन्माउने पशु(गाई तथा भैसी) लाई सुत्केरी खर्च वापत रु १५०० (एक हजार पाँच सय) उपलब्ध गराई कृषकलाई उन्नत पशु विकास तथा पालनमा प्रोत्साहित गर्ने ।

घ. पशु बिमा कार्यक्रममा कृषकलाई प्रोत्साहित गरी पशु धनको नोक्सानी व्यहोर्नु पर्ने अवस्थाबाट मुक्त गर्न पशु बिमामा लाग्ने पशु धनीको दुर्घटना बिमा वापत वहन गर्नु पर्ने रकम रु १००(एक सय) गाउँपालिकाले बहन गरिदिने ।

ङ. परम्परागत सिप र प्रविधिको उपयोग गरी आफ्नो जीविका सञ्चालन गर्ने जातिय समुहको परम्परागत प्रविधि तथा पेशाको प्रर्वद्धन गर्न प्रविधि हस्तान्तरण एवं सिप अभिवृद्धि गर्ने ।

च. २५ रोपनी भन्दा वढी जमिनमा अलैंची, अदुवा, हर्दि तथा आलु जस्ता नगदे बाली उत्पादन गर्ने व्यावसायिक कृषकलाई प्रोत्साहन स्वरुप रु २५००० (पच्चिस हजार अनुदान दिने) ।

छ. २५ माउ भन्दा बढी गाई भैसी जस्ता पशु पालक कृषक समुह वा व्यक्तिलाई रु १ लाख गोठ सुधार अनुदान दिने । यस्तो रकम ५ वर्षको अन्तरालमा उपलब्ध गराउदैं जाने ।

ज. ५० माउ भन्दा बढी गाई भैसी पालक कृषक वा कृषक समुहलाई प्रतिवर्ष रु ५० हजार प्रोत्साहन अनुदान दिने । गोठ सुधार अनुदान समेत उपलब्ध गराउने ।

झ. २५ माउ भन्दा बढी बाखा पालक कृषकलाई रु २५ हजार प्रोत्साहन रकम प्रतिवर्ष उपलब्ध गराउने ।

ञ. व्यावसायिक पशु पालक कृषकलाई पशु उपचार सेवा गा.पा ले निशुल्क रुपमा उपलब्ध गराउने ।

ट. पशु आहार व्यवस्थापनका लागि उन्नत जातका घाँसका बीउ विरुवा उपलब्ध गराउन गा.पा. ले सहयोग गर्ने ।

ठ. यस गा.पा. लाई कृषि पकेट जोनको रुपमा रुपान्तरण गरी कृषि पर्यटन समेत प्रर्वद्धन गर्न कुनै खास वडा मा हरेक घर एक घार कार्यक्रम सञ्चालन गरी मौरी पालन तर्फ कृषकलाई प्रोत्साहित गर्ने ।

७. सयपत्री मिडिया प्रा.लि पुरानो सिनामंगल, काठमाण्डौ सँग, हाम्रो २०७५।०२।०१ मा भएको सम्झौताअनुसार यस गा.पा. को आर्थिक सामाजिक तथा पुर्वाधार जन्य गतिविधि NTV PLUS मार्फत वृत चित्र तयार गरी प्रशारण गरेको कार्यक्रमको भुक्तानी बाँकी रकम सम्बन्धमा ।

८. यस आ.व.को मिति २०७५।५।२९ मा यस गा.पा र वेस्टुल मिडिया प्रा.लि सँग भएको सम्झौतानुसार गा.पा. को वृत चित्र निर्माण तथा प्रशारण गर्ने काम भएकाले उक्त मिडियालाई सम्झौतानुसारको रकम भुक्तानी गर्न प्र प्र अ लाई निर्देशन गर्ने ।

९. यस वैतेश्वर गाउँपालिकामा कृषिको प्रवर्द्धन एवं व्यावसायिकताको विकास गर्न आधुनिक कृषि बजार निर्माण गरी दिन घरेलु तथा साना उद्योग कार्यालयमा अनुरोध गर्ने ।

१०. यस गा.पा. का इन्जिनियर युधिष्ठीर के सी संयोजक रहेको समितिले सिफारिस गरेका तपशिल बमोजिमका व्यवसायीलाई घ वर्गको इजाजत उपलब्ध गराउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन गर्ने ।

क) **S.N Construction Pvt Ltd,** वैतेश्वर-८, दोलखा ।

ख) सुश्रीस निर्माण सेवा, वैतेश्वर गा.पा-१, दोलखा ।

ग) साम्राज्य कन्ट्रक्सन प्रा.लि, वैतेश्वर-७, दोलखा ।